आज मिति २०७५/०७/०७ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

**बुद्धभूमी नगर कार्यपालिकाको मिति:२०७५।०७।०७ गतेको निर्णय**

१. नगरपालिकाको लागि कानूनी वकालत गर्ने अधिवक्ता सम्बन्धमा ।

निर्णय: यस नगरपालिकाको विभिन्न कानूनी मुद्दाहरुको उच्च अदालत, सर्वोच्च अदालत समेतमा वहस गर्नका लागि यस अधि समेतका विभिन्न समयमा अधिवक्ता श्री हुमबहादुर कुवंर मार्फत गरिदै आएको र अर्को निर्णय नभएसम्मको लागि निज श्री हुमबहादुर कुवंरलाई यस नगरपालिकाको बहस कार्य गरेकै मिति देखि सेवा सुविधा पाउने गरी अधिवक्ता तोक्ने निर्णय गरियो ।

२. एकिकृत पशु स्वास्थ्य शिविर संचालन सम्बन्धमा :

निर्णय: यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशु सेवा तर्फको पशु रोग पहिचान तथा नियन्त्रण कार्यक्रम अन्तर्गत एकिकृत पशु स्वास्थ्य सिविर कार्यक्रम यस नगरपालिका वडा नं. ७ को मानपुर मा संचालन गर्ने निर्णय गरियो ।

३. आँखा स्वास्थ्य शिविर संचालन सम्बन्धमा :

निर्णय : यस नगरपालिकाको नगरस्तरीय बजेटबाट स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य सेवा तर्फको आधारभूत स्वास्थ्य कार्यक्रम अन्तर्गत आँखा शिविर कार्यक्रम २ पटक संचालन गर्ने र पहिलो आँखा शिविर धनकौलीमा संचालन गर्ने निर्णय गरियो ।

४. खेल मैदान सम्बन्धमा:

निर्णय: यस नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार खेलमैदान निर्माण योजना रहेको र उक्त योजनाको लागि निर्माण स्थलको बारेमा विभिन्न छलफल भएको र दिर्घकालिन रुपमा राष्ट्रिय अन्तराष्ट्रिय खेलहरु समेत संचालन हुन सक्ने र प्रयाप्त पार्किङ व्यवस्था, सुरक्षाको व्यवस्था लगायतका विषयवस्तुहरुको अध्ययन अनुगमन समेत गर्दा यस नगरपालिकाको लागि केन्द्र तोकिएको स्थान हनुमान चोक भित्रनै निर्माण गर्ने निर्णय गरियो ।

५. न्यायिक समितिको कानुनी सल्लाहकार सम्बन्धमा :

निर्णय: न्यायिक समितिका अध्यक्ष नगर उपप्रमुख ज्यूबाट छनौट गरिएका कानुनी सल्लाहकार मध्येबाट यस नगरपालिकाको न्यायीक कार्य सम्पादन गर्न के कति र कसरी सेवा उपलब्ध हुन सक्छ सो को प्रस्ताव माग गरी छलफल तथा वार्ता गर्ने र सम्झौता सम्बन्धमा आगामी बठैकबाट निर्णय गर्ने गरी निर्णय गरियो ।

६. ढुंगा, गिट्टी, बालुवा चोरी, निकासी सम्बन्धी जरिवाना सम्बन्धमा :

निर्णय: यस नगरपालिकाका क्षेत्रभित्रका खोला, नदीहरु संकलन हुने ढुंगा, गिट्टी, बालुवाको गैर कानुनी तवरबाट चोरी निकासी गर्ने व्यक्तिहरुबाट निम्नानुसार जरिवाना असुल गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.स. | साधन | पहिलो पटक | पटक/पटक |
|---|---|---|---|
| १ | ट्याक्टर | १०,०००।- | थप दोस्रो पटक देखि प्रत्येक पटक अघिल्लो जरिवानामा ५०% थप सहितको जरिवाना लिने र सो मध्ये जरिवानाको ३० प्रतिशत रकम: पक्राउ गरि नगरपालिकामा उपस्थित गराउने सम्बन्धित संस्थालाई तत्काल उपलब्ध गराउने निर्णय गरियो । |
| २ | ट्रक | २०,०००।- | |
| ३ | टिप्पर | १५,०००।- | |
| ४ | व्याक हो लोडर वा अन्य हेभि इक्यूमेन्ट | २५,०००।- | |

२०७५।०६।०६

Scanned by CamScanner

७. तिहारको देउसी भैलो कार्यक्रमको समय सम्बन्धमा :

निर्णयः हिन्दुहरुको महान चाड दिपावली (२०७५) को अवसरमा सांस्कृतिक पराम्परा देखि खेलिने देउसी भैलो कार्यक्रमहरु मार्यादित र सम्बन्धित पर्व सँग जोडिने खालका नाचगान मात्र गर्न गराउन नगरवासीहरूमा जानकारी सहित अनुरोध गराउने र उक्त कार्यक्रमहरू राती १०:०० बजे सम्म मात्र संचालन गर्न/ कार्यक्रम सञ्चालन गर्दा शान्ति सदभावलाई कुनै असर नपर्ने गरी ध्वनी प्रदुषण, ठूला खाले डी.जे. साउण्ड प्रयोग नगर्ने, दिपावली र छठको समयमा पटाका, भूइचम्पा जस्ता प्रज्वलनशील पदार्थको उत्पादन, आयात, विक्री वितरण र प्रयोगबाट आगलागी मानविय दुर्घटना लगायत धनजनको अति हुन सक्ने र त्यस्ता कृयाकलापले शान्ति सुरक्षामा प्रतिकुल असर पर्न जाने भएकोले त्यस्ता वस्तुहरूको पूर्ण प्रतिबन्ध लगाउन् र मदिरा विक्री वितरण लगायतको कार्य राती ९:०० बजे सम्म मात्र बिक्री वितरण गर्न गराउन सम्बन्धित व्यवसायी नगरवासीहरूमा सूचित गर्ने निर्णय गरियो ।

८. सरसफाई तथा घुम्ती शौचालय सम्बन्धमा

निर्णयः सरसफाई जीवनको अति महत्वपूर्ण कार्य भएको यस नगरपालिकालाई निकट भविस्यमै प्लाष्टिक मूक्त नगर बनाउन सबै वडाहरुबाट आवश्यक कार्यक्रमहरु संचालन गर्ने र नगरपालिकाबाट १०० (एक सय) थान फोहोर संकलन भाडा खरिद गरी प्रत्येक वडामा वितरण गर्नको लागि फोहोरमैला व्यवस्थापन शिर्षकबाट रू. ३०००००।- तीन लाख खर्च व्यवस्थापन गर्ने साथै १(एक) थान घुम्ती शौचालयको व्यवस्था गर्नेको लागि समेत निर्णय गरियो ।

९. ग्रेडर (हेभीड्राईभर) व्यवस्था सम्बन्धमा

निर्णयः यस कार्यालयमा रहेको ग्रेडर संचालनको लागि १ जना हेवी सबारी चालकको आवश्यक्ता पर्ने भएकोले हेवी सबारी चालक पदको लागि नेपाल सरकारले तोके बमोजिमको शुरु तलब स्केल पारिश्रमिक सुविधा दिने गरि ज्यालादारिमा नियुक्ति गर्ने निर्णय गरियो साथै यस कार्यालयलाई अति आवश्यक रहेको कार्यालय सहयोगि ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो ।

१०. जेब्राक्रसिगं निर्माण सम्बन्धमा :

निर्णय : यस नगरपालिकाको क्षेत्रभित्र पर्ने अति ब्यस्त चोकहरुमा जेब्रा क्रसिङ निर्माण गर्नको लागि सडक डिभिजन कार्यालय र ट्राफिक कार्यालयसंग सबन्वय गरि हाललाई बरकुलपुरको क्याम्पस चोक र इमिलिया हाटबजार जाने चोक, गोरुसिंगे क्याम्पस जाने चोक, गोरुसिंगे अर्घाखाँची चोक, बुड्ढी चौक गरी ५ स्थानमा जेब्रा क्रसिङ निर्माण गर्ने निर्णय गरियो ।

११. पूर्ण साक्षर नगर घोषणाको होडिगं बोर्ड राख्ने सम्बन्धमा:

निर्णयः नगर प्रमुख श्री केशव कुमार श्रेष्ठको ज्यूको अध्यक्षता, सामाजिक बिकास मन्त्री सुदर्शन बरालज्यूको प्रमुख आतिथ्यता र प्रदेश सभा सदस्य दिर्घनारायण पाण्डे, माला गोतामे ज्यूको विशिष्ट आतिथ्यता र जिल्लाका प्रमुख व्यक्तित्तव, जिल्लाका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, यस बुद्धभूमी नगरपालिकाका राजनितिक दलका प्रमुख, नागरिक समाज, समाजसेवी बुद्धिजीवि, संघसंस्थाका प्रमुख लगाएतको आतिथ्यतामा मिति:२०७५।०६।२९ गतेका दिन यस नगरपालिकालाई पूर्ण साक्षर नगर घोषणा गरि सकिएकोले पूर्ण साक्षर सम्बन्धी सूचना प्रबाहको लागि यस नगरपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणका मुख्य स्थानहरुमा होर्डिङबोर्ड निर्माण गर्ने निर्णय गरियो ।

२०७५।०६।०६

Scanned by CamScanner

१२. टिप्परमा पानी टंकी जडान सम्बन्धमा:

निर्णय: यस नगरपालिकामा मौजुद बिभिन्न निर्माणका उपकरणहरु रहेका ति निर्माणका उपकरणहरुको संचालानार्थ थान १ पानी टंकीं समेत आवश्यकता भएकोले सो को व्यवस्थापनको लागि यस नगरपालिकामा रहेका २ वटा टिप्पर मध्ये १ टिप्पर मर्मत सम्भार गरी पानी टंकीको जडान गर्नको लागि आवश्यक पर्ने रकम मर्मत सम्भार कोष शिर्षकबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो।

१३.विविध:

- शिर्षकान्तर सम्बन्धमा:
  निर्णय: यस नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत लक्षित कार्यक्रममा बालबालिका तर्फ २.५.१.४. मा रहेको बाल दिवसमा नगरस्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन भन्ने शिर्षक भएता पनि नगर स्तरीय बक्तृत्व कला कार्यक्रम संचालन गरिएकोले सो कार्यक्रमको भुक्तानी स्वीकृत बार्षिक कार्यक्रमको २.५.१.४. कै शिर्षकबाट उपलब्ध हुने गरि शिर्षकान्तर गरियो।

- बालबिवाह मुक्त वडा घोषणा कार्यक्रमको नपुग रकम सम्बन्धमा :
  बाल विवाहमुक्त वडा घोषणा कार्यक्रमहरुको लागत अनुमान भन्दा बढी भएको खर्च रकम स्वीकृत कार्यक्रममा बालबालिका तर्फ २.५.१.८. मा रहेको लक्षित बालबालिका कार्यक्रम साझेदारी कोषको २ लाख बजेट मध्येबाट खर्च भुक्तानी दिने निर्णय गरियो।

- CCTV Camera जडान सम्बन्धमा:
  यस नगरपालिका क्षेत्रभित्र हुने चोरी, तस्करी, सडक दुर्घटना, अन्य गतिबिधी नियन्त्रण र निगरानी साथै सुरक्षा व्यवस्थाको प्रत्याभूतिका लागि वडा नं. २ गोरूसिंगें अर्घाखाँची चोकमा जिल्ला ट्राफिक कार्यालय गोरूसिंगेंको समन्वयमा एक थान, १ थान CCTV Camera जडान गर्ने निर्णय गरियो।

- सामाजिक विकास शिक्षा तर्फको रकम सम्बन्धमा:
  नेपाल सरकारबाट प्राप्त सर्शत अनुदान तर्फको माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा इ-पुस्तकालय समेत) शिर्षक २०, २१ र २२ मा रहेको बजेट रकम मध्येबाट कार्यान्वयनको लागि यस बुद्धभूमी नगरपालिका अर्न्तगत रहेका मा.वि. हरूबाट १५ दिने सूचना जारी गरी आवेदन माग गरी प्राप्त आवेदनहरू माथि छलफल र निर्णयको लागि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

- ई रिक्सा नियमन र व्यवस्थापन सम्बन्धमा:
  बुद्धभूमी नगरपालिका अन्तर्गत विभिन्न रूटमा संचालित ई-रिक्सा/अटो रिक्साहरुको संचालन र भाडा दर निर्धारण साथै नगरपालिकामा आवद्ध भै व्यवसाय गर्नको लागि ई-रिक्सा सञ्चालन समितिका पदाधिकारी र नगरपालिका बीच छलफल गरी नियमन र व्यवस्थापन गर्नको लागि मिति २०७५।०७।१२ गते ११:०० बजे संयुक्त बैठक बस्ने निर्णय गरियो।

- वडा नं. १ सुपादेउराली मन्दिर बसन्तपुर सम्बन्धमा :
  बुद्धभूमी नगरपालिका वडा नं. १ बसन्तपुरमा रहेको सुपादेउराली मन्दिर रंगरोगनको लागि सहयोग माग भै आएको हुँदा उक्त मन्दिरको लागि मर्मत सम्भार कोष शिर्षकबाट रू. ३५,०००।- पैतिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

२०७५।०७।०८

Scanned by CamScanner

- आर्थिक सहयोग सम्बन्धमा:

१. सनसाईन सामाजिक बिकास संस्थाको आयोजनामा मिति: २०७५।०५।२८ गते संचालन गरिएको रक्तदान कार्यक्रमको लागि यस कार्यालयको विविध शिर्षक अन्तर्गत चियापान शिर्षकबाट रु. १९,०००।- (उन्नाईस हजार) उपलब्ध गराउने निर्णय गरियो।

२. जिल्ला उसु संघ कपिलवस्तुको आयोजनामा संचालन हुन गईरहेको दोश्रो उसु प्रतियोगिता कार्यक्रमको लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत संघबाट प्राप्त खेलकुँद शिर्षक २.४.४. खेलकुंद कार्यक्रममा रहेको रु.१ लाख मध्ये रु. ३५,०००।- (पैतिस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३. क्यान्सर रोगबाट पिडित वडा नं.२ निवासी मुक्तिराम कोईरालालाई रु.५,०००।- (पाच हजार) उपलब्ध गराउने निर्णय गरियो।

४. प्यारालाईसेस रोगबाट पिडित वडा नं.१० निवासी बन्देशवर यादवलाई रु.५,०००।- (पाच हजार) उपलब्ध गराउने निर्णय गरियो।

५. दिपावली पर्व (२०७५) को उपलक्षयमा वडा नं. ९ सुगर वरवा गौशालामा गोवर्द्धन पुजा को लागि रू. ५०००।- (पाँच हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

2075/06/06

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner